# छत्रकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

**स्वयंसेवी गणक सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना !!!**

प्रथम पटक प्रकाशित मितिः २०७९।०२।२६

यस गाउँपालिकाको सूचना तथा संञ्चार प्रविधिमा आधारित स्थानीय तह एकीकृत वस्तुस्थिति (Integrated Local Government Profile) विवरण सङ्कलनका लागि गाउँ/नगर वस्तुस्थिति विवरण तयारी (पहिलो संशोधन) कार्यविधि, २०७८ को दफा ८.३ (ट) बमोजिम स्वयंसेवी गणक सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तपशिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क.स. | विज्ञापन नं. | पद | आवश्यक संख्या | आवेदन शुल्क | कैफियत |
|---|---|---|---|---|---|
| १. | १६-०७८/७९ | स्वयंसेवी गणक | वडा नं. १,२, ५ र ६ को हकमा ५/५ जना<br>वडा नं. ३ र ४ को हकमा ७/७ जना | २०० | |

<u>शर्तहरु</u>

१. **आवश्यक न्यूतम योग्यताः**
- मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह/१२ कक्षा वा सो सरह उत्तीर्ण,
- आफ्नै एन्ड्रोईड स्मार्टफोन (मोबाईल) भएको,
- युनिकोड नेपाली टाइपिङ्गमा दक्षता प्राप्त
- सम्बन्धित वडाको स्थानीयवासी तथा महिलालाई विशेष ग्राह्यता दिइनेछ ।

२. **काम गर्नु पर्ने स्थानः** छत्रकोट गाउँपालिका अन्तर्गत सबै वडाहरुमा ।

३. **परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तरवार्ता ।

४. **उमेरः** दरखास्त दिने अन्तिम दिन सम्म १८ वर्ष पुराभई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) ।

५. **दरखास्त बुझाउने स्थानः** छत्रकोट गाउँपालिकाको कार्यालय, चोयगा, गुल्मी ।

६. **दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः** आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साईजको रंगिन फोटो ३ प्रति, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, कुनै अनुभव भए सो को प्रमाणपत्रको प्रतिलिपि र दरखास्त दस्तुर बुझाएको नगदी रसिद ।

७. **दरखास्त बुझाउने अन्तिम मितिः** २०७९।०३।०१ गते कार्यालय समय भित्र ।

८. **सम्पर्क मितिः** २०७९।०३।०२

९. **परिक्षा मितिः** सम्पर्क मितिका दिन तोकिनेछ ।

१०. **सेवा अवधिः** नियुक्ति भएको मितिले २० दिन ।

११. **सेवा सुविधाः** प्रति घरधुरी फारमको विवरण संकलन वापत रु. ८० (असी रुपैंया) ।

१२. **कार्य विवरणः** गाउँ/नगर वस्तुस्थिति विवरण तयारी (पहिलो संशोधन) कार्यविधि, २०७८ बमोजिम ।

थप जानकारीका लागि गाउँपालिकाको सूचना प्रविधि शाखा सम्पर्क नं. ९८४९१२२६४२ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

२०७९।०२।२६

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत